रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी

## पम्पसेट तथा पानी तान्ने मोटर आपूर्ति सम्वन्धि सिलबन्दी दरभाउ पत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०१/२६

यस नगरपालिकाको चालु आ.ब.२०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रमबमोजिमकृषकहरुको ५० प्रतिशत लागत साझेदारीमा साना तथा आधुनिक सिंचाई कार्यक्रम संचालन गर्न आवश्यक पर्ने पम्पसेट तथा पानी तान्ने मोटर आपूर्ति गर्नु पर्ने भएको हुँदा के कति दररेटमा उल्लेखित सामाग्रीहरू उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरी इच्छुक इजाजत प्राप्त व्यावसायीहरूको लागि १५ दिने सुचना प्रकाशित गरिएको छ ।इच्छुक आपुर्तिकर्ताले निम्न शर्त पालना गरी तोकिएको म्याद भित्र यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना आह्वान गरिएको छ ।

तपसिल

१. सम्बन्धित कागजातहरू संलग्न भएको दरभाउपत्र फाराम रामग्राम नगरपालिकाको कार्यालय, परासी नवलपरासीबाट प्रथम पटक प्रकाशित भएको मितिले१५ औं दिनसम्म कार्यालय समयमा तोकिएको दस्तुर बराबरको नगदी रसिद काटी(पछि फिर्ता नहुने गरि) दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र खरिद गर्दा आ.ब. २०७६/०७७ सम्म नविकरण भएको ईजाजत पत्र र मु.अ.कर दर्ता प्रमाण पत्र र आ.ब.२०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. यसरी खरिद गरिएका सिलबन्दी दरभाउ पत्र प्रथम पटक प्रकाशित भएको मितिले कमशः १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । म्याद भित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २:०० बजे कार्यालय तथा सप्लायर्सका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ र सप्लायर्सका प्रतिनिधीहरु उपस्थित नभएमा सिलबन्दीदरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउ पत्रको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरि पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. दरभाउ पत्र मान्य अवधि ७५ दिन हुनेछ ।

६. दरभाउ पत्र साथ जमानत वापतको तल उल्लेखित रकम रामग्राम नगरपालिकाको कार्यालय परासी, नवलपरासीको रा.बा.बैंक परासी शाखामा रहेको धरौटी खाता नं. ३१०००३०३०००००२ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारीभएको दरभाउपत्र दाखिला गर्नेअन्तिम मितिबाट कम्तीमा ९० दिन म्याद भएको बाणिज्य बैंकबाट जारी भएको जमानि पत्र (बिड बाण्ड) संलग्न हुनुपर्नेछ ।

७.दरभाउपत्र पेश गर्दा खाम बाहिर दरभाउपत्र दाताको नाम ठेगाना, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

८. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

९. रीत नपुगी वा म्याद नाघी आएमा दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१०. नेपाल सरकार तथा स्थानीय सरकारको हितलाई ध्यानमा राखि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.कार्यालयमा सुरक्षित रहनेछ ।

११. दरभाउपत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १ बर्ष म्याद भएको (परफरमेन्स बन्ड) पेश गरि सम्झौता गर्नुपर्नेछ ।

१२. उपरोक्त बुँदाहरूमा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१३. दरभाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस न.पा.कार्यालयको कृषि विकास शाखामा समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. टेण्डर दरभाउ पत्र मूल्याङ्कन गर्दा भ्याट बाहेकको रकमलाई आधारको रूपमा मानिनेछ ।

१५. अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

तपसिल

| क्र.स. | ठेक्काको किसिम | कामको विवरण | लागत अनुमान रू.( भ्याट सहित) | जमानत रकम रू. | सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | सिलबन्दी दरभाउ पत्र | डिजल पम्पसेट, पानी तान्ने मोटर तथा डेलिभरी पाइप | १०,००,०००\|- | २५०००\|- | १०००\|- |

..............

रूद्र प्रसाद रेग्मी)

प्रमुख प्रशासकीय अधिकृत

रुद्र प्रसाद रेग्मी

प्रमुख प्रशासकीय अधिकृत